कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल फोन/फ्याक्स नं. ०५६-५२२८५०

## विज्ञापन सम्बन्धी सूचना

**विज्ञापन नं.०१/०७४/०७५ विशेष आन्तरिक प्रतियोगिता**

कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तर्गत निम्नलिखित शैक्षिक पदहरुको विशेष आन्तरिक (लिखित तथा अन्तर्वार्ता) प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पूरा गरेका कार्यरत शिक्षकहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र (मिति २०७४।५।५ देखि मिति २०७४।६।२३ सम्म) कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय चितवनमा आई पुग्ने गरी २/२ प्रतिका दरले आवश्यक कागजात सहित दरखास्त आह्वान गरिन्छ। दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिनभित्र (मिति २०७४।६।२४ देखि मिति २०७४।६।३० सम्म) दरखास्त फारम बुझाउन सकिने छ। दरखास्त फारम २०७४।५।५ गतेदेखि सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**आवदेन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. शैक्षिक योग्यताका प्रमाणपत्रहरु र लव्धाङ्क पत्रहरुका प्रमाणित प्रतिलिपिहरु।
२. अनुभवको प्रमाण पत्र : अस्थायी वा करार नियुक्तिको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु।
३. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
४. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति।
५. व्यक्तिगत विवरण (बायोडाटा) ८ (आठ) प्रति।
६. प्रकाशित कृतिहरु : सम्बन्धित विषयको पाठ्यपुस्तक, अनुसन्धानात्मक ग्रन्थ, सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन, शोध निर्देशन गरिएको प्रमाणित पत्र र प्रकाशित लेखहरु।
७. तोकिएको परीक्षा शुल्क बुझाएको बैंक भौचर।
८. सर्म्पक मिति : २०७४साल असोज ३१ गते
९. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय चितवन। सम्पर्क फोन नं. ०५६-५२२८५०

**कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तर्गत पूर्तिगर्नु पर्ने पद, विषय र संख्या :–**

| क्र.सं. | पद | विषय | आवश्यक संख्या | खुल्ला | समावेशी (महिला) |
|---|---|---|---|---|---|
| १. | उप-प्राध्यापक | कृषि अर्थशास्त्र | १ (एक) | १ | - |
| २. | उप-प्राध्यापक | जैविक रसायन विज्ञान (शास्त्र) | १ (एक) | १ | - |
| ३. | उप-प्राध्यापक | वातावरण विज्ञान | १ (एक) | १ | - |
| ४. | उप-प्राध्यापक | ग्रामीण समाजशास्त्र | १ (एक) | १ | - |
| ५. | उप-प्राध्यापक | बाली विज्ञान | १ (एक) | १ | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | उप-प्राध्यापक | कीट विज्ञान | १ (एक) | १ | - |
| ७. | उप-प्राध्यापक | बागवानी विज्ञान | २ (दुई) | १ | १ |
| ८. | उप-प्राध्यापक | बाली प्रजनन् | २ (दुई) | १ | १ |
| ९. | उप-प्राध्यापक | जनरल फरेष्ट्री | १ (एक) | १ | |

**आवश्यक न्यूनतम योग्यता**

१.सम्बन्धित विषयमा पीएच.डी वा एम.फिल वा प्रथम श्रेणीमा स्नाकोत्तर तह उत्तीर्ण भई कम्तीमा २ वर्षसम्म पूर्णकालीन करार वा अस्थायी सेवा गरेको ।

**अथवा**

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नाकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा २ वर्षसम्म पूर्णकालीन करार वा अस्थायी सेवा गरेको ।

**क. जैविक रसायनशास्त्र**

जैविक रसायनशास्त्र विषयको उप-प्राध्यापक पदको लागि जैविक रसायनशास्त्र वा मेडिकल जैविक रसायनशास्त्र विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नाकोत्तर तह उत्तीर्ण गरी कम्तीमा २ वर्षसम्म पूर्णकालीन करार वा अस्थायी सेवा गरेको ।

**ख. वातावरण विज्ञान**

वातावरण विज्ञान विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा २ वर्षसम्म पूर्णकालीन करार वा अस्थायी सेवा गरेको ।

**ग. ग्रामीण समाजशास्त्र**

ग्रामीण समाजशास्त्र विषयको उप-प्राध्यापक पदको लागि M.Sc.Ag. (Rural sociology) मा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

वा

B.Sc.Ag. उत्तीर्ण गरी समाजशास्त्र M.A.(Sociology) विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

**१) परीक्षा शुल्क :-** रु. १,५००।-

लिखित परीक्षाको मिति तथा स्थान सम्पर्क मितिको दिन कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

**मितिः २०७४/५ /५**

**अध्यक्ष**